अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।१६ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

जिल्ला झापा, दमक न.पा.-१६ हाल का.म.न.पा. १० बस्ने ब्यापार ब्यवसायी अभिसेक कार्कीले लागू औषध मुद्दा दर्ता भै अनुसन्धान प्रकृयामा रहेका प्रतिवादीहरू मध्ये धर्मेन्द्र लिम्बुलाई तारेखमा राखी थप अनुसन्धान नगर्न भनी कर्मचारीलाई प्रलोभन देखाई घुस रिसवत दिन खोजेको भनी महानगरीय प्रहरी वृत्त थानकोटको पत्र मार्फत आयोगमा प्राप्त सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिइ गएको टोलीले निज अभिसेक कार्कीले उक्त मुद्दाका अनुसन्धान अधिकृतलाई रू.१०,०००/-(दस हजार) घुस रकम दिन खोजेको अवस्थामा जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा-६ स्थित महानगरीय प्रहरी वृत्त थानकोटको कार्यालय प्रमुखको कार्यकक्षबाट मिति २०७६/०२/१५ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता